**सडक दुर्घटनाबाट बचौं र बचाऔं**
- जेब्राक्रसिङ, सडक चिह्न र ट्राफिक नियमहरूको पालना गरौं,
- मोटरसाइकलमा हेलमेट, कारमा सीट बेल्ट लगाउन नबिर्सौं,
- नियमित सवारीसाधनको जाँच गरौं,
- मादकपदार्थ सेवन गरेर सवारी नचलाऔं,
- सवारीसाधन चलाउँदा मोबाइल प्रयोग नगरौं,
- ट्राफिक व्यवस्थापनमा सहयोग गरौं,
- बालबालिकालाई सडक नियम सिकाऔं र सुरक्षित स्थानमा हिंड्न प्रेरित गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com


प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ माघ ०६ गते आइतवार // मृत भस्म नबन्दैमा भिेल्को भैकन बल्नुछ // 2025 January 19 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १४२

## दिगो वन व्यवस्थापनसम्बन्धी तालीम

प्रस, निजगढ, ५ माघ/

वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनसम्बन्धी तालीम निजगढमा शनिवारबाट सञ्चालन गरिएको छ। डिभिजन वन कार्यालय, बारा मातहतका सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरूलाई सोसम्बन्धी तालीम दिइएको थियो। मधेस प्रदेशमा वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यविधि लागू भएसँगै कार्य गर्दा वन समूहलाई कुनै समस्या नपरोस् भन्ने उद्देश्यले तालीम आयोजना गरिएको डिभिजन वन कार्यालय, बाराका प्रमुख राजीवकुमार झाले बताए।


दिगो वन व्यवस्थापनसम्बन्धी तालीममा प्रशिक्षण दिंदै रेन्जर पोखरेल। तस्वीरः प्रतीक

यस अघि वैज्ञानिक वन व्यवस्थापन कार्यविधि स्वीकृत भई कतिपय वन समूहमा कार्य सञ्चालन भएको तर केही वर्ष अघि वैज्ञानिक वन व्यवस्थापन कार्यविधि सरकारले खारेज गरी अहिले देशभर दिगो वन व्यवस्थापन कार्यविधि अनुसार कार्य शुरू गरेको छ।

मधेस प्रदेश वन तथा वातावरण मन्त्रालय मातहत डिभिजन वन कार्यालय, बारा अन्तर्गतका सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी उपभोक्ताहरूलाई दिगो वन व्यवस्थापनबारे जानकारी गराइ वन संरक्षण, संवर्द्धन, विकास, व्यवस्थापनका लागि तालीम प्रभावकारी हुने प्रशिक्षक एवं रेन्जर नीरज पोखरेलले बताए।

अहिलेसम्म संरक्षणमुखी वन व्यवस्थापन भइरहेको सघन वन व्यवस्थापनका क्रियाकलापहरू सञ्चालन नभइरहेको अवस्थामा यो कार्यविधि तयार भई कार्यान्वयन हुँदा वन पैदावरको उत्पादनमा वृद्धि भई माग र आपूर्तिबीचको खाड्ल हट्ने उनले बताए।

कार्यक्रममा सहभागीहरूलाई रेन्जर पोखरेलका साथै मधेस प्रदेश वन तथा वातारण मन्त्रालय, जनकपुरधामका रेन्जर क्षितिज पौडेल, सामुदायिक वन महासङ्घ, बाराका अध्यक्ष रामजी बजगाईं, निजगढ नगरपालिका वन तथा वातावरण शाखा प्रमुख अनिल कोइरालाले प्रशिक्षण दिएका थिए।

## शहीदका सालिकमा माल्यार्पण

प्रस, पंचगावाँ, ५ माघ/

वीरगंजमा बलिदानी दिवस जसपा नेपाल र जसपाले कार्यक्रम गरी मनाएको छ। जसपाका अध्यक्ष अशोक राई, उपाध्यक्ष सुशीला श्रेष्ठ, सहमहामन्त्री एवं खानेपानीमन्त्री प्रदीप यादव, वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंह, प्रदेशसभाका पूर्वसदस्य जन्नत अन्सारी, प्रेमबाबू पटेल, उमेशलाल सहनी, नेक महमद अन्सारी, तबरेज अहमद, मुकेश द्विवेदी, ईश्वर यादवलगायतले घण्टाघरस्थित मधेसी शहीदका सालिकहरूमा माल्यार्पण गरेका थिए।


शहीदको सालिकमा माल्यापर्ण गर्दै अध्यक्ष राई। तस्वीरः प्रतीक

यसैगरी, बलिदानी दिवसको अवसरमा जसपा नेपाल पर्साले पनि सोही स्थानमा फरक समयमा मधेसी शहीदहरूको सालिकमा माल्यार्पण गरेर श्रद्धाञ्जलि अर्पण गरेका थिए। जसपा नेपाल पर्साका अध्यक्ष रामनरेश यादव नेतृत्वको टोलीले घण्टाघर, तिलावे शहीद पार्क, पोखरिया नगरपालिका र पकहामैनपुरमा रहेका शहीदहरूको सालिकमा माल्यार्पण गरी श्रद्धाञ्जलि अर्पण गरे।



कार्यक्रममा शशीकपुर मियाँ, अशोक टेमानी, फिरोज मन्सुर, रेखा साह, गोपी यादव, बृजमोहन तिवारी, शेख समीर, रितेश गुप्ता, सुधीर पाण्डे, सङ्गीता तिवारी, परशुराम चौरसिया, महबुब एलाही, अजय चौरसियालगायतको सहभागिता थियो।

*प्रस, बिरुवागुठी/*

पर्सागढी नगरपालिकामा जनमत पार्टीले बलिदानी दिवस मनाएको छ। पर्सागढी नपा–१ मनवा बजारमा जनमत पार्टी पर्सागढी नगर कमिटी संयोजक मनोज यादवको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्य राजेश चौरसियाले मधेस आन्दोलनमा बलिदान दिने वीर शहीदका कारण सङ्घीय लोकतान्त्रिक गणतन्त्र आएको र सबै जातजाति, भाषाभाषीको राज्यले कदर गरेको दाबी गरे।

कार्यक्रममा अलि अख्तर मियाँ, चन्द्रावतीदेवी सहनीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

## साझेदारी वन उपभोक्ता समितिको भेला

बलिराम शुक्ला, बडनिहार, ५ माघ/

विन्ध्यवासनी कोइलाभार बडनिहार साझेदारी वन उपभोक्ता समिति पर्साको आयोजना र डिभिजन वन कार्यालय, पर्साको सहयोगमा साझेदारी वन उपभोक्ता समितिको पहिलो वार्षिक भेला शनिवार सबडिभिजन वन कार्यालय, बडनिहारमा सम्पन्न भएको छ।




मधेस प्रदेश वन कार्यालय, जनकपुरका निर्देशक जगन्नाथ जैसवालले कार्यक्रमको उद्घाटन गरेका थिए। उनले सरकार, स्थानीय तह र उपभोक्ता समिति गरी तीनवटै तहले राम्ररी काम गरेको खण्डमा वन संरक्षण गर्न सजिलो हुने बताए। जङ्गल सिमाना खुल्ला रहेकाले चोरी तस्करी नियन्त्रण गर्न स्थानीयको सहयोग आवश्यक हुने उनले बताए। वन अतिक्रमण, चरिचरण जस्ता कार्य वन उपभोक्ता समितिले रोक्नुपर्ने र वातावरणीय सुरक्षा संवर्द्धनका लागि निजी वन लगाउन सुझाए।

डिभिजन वन कार्यालय, बाराका प्रमुख राजीवकुमार झा, पर्साका प्रमुख मन्जुर हक अन्सारी साझेदारी वन समूहका पूर्वअध्यक्ष रामरूप कुर्मी, सबैया साझेदारी वनका पूर्वअध्यक्ष लखनलाल साह, गादीमाई साझेदारीका पूर्वअध्यक्ष शैलेन्द्र यादव, मधेस प्रदेश साझेदारी वन समूहका प्रतिनिधि गणेश साह, सत्यनारायण चौधरीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

विन्ध्यवासिनी कोइलाभार बडनियार साझेदारी वन उपभोक्ता समितिका अध्यक्ष महमद रिजवानुल हक अन्सारीको अध्यक्षतामा भएको कार्यक्रममा वन संरक्षण कार्यमा उल्लेखनीय योगदान गर्ने १५ जनालाई सम्मान गरिएको थियो। यसैगरी, ग्रामीण भेगबाट नेपाल पत्रकार महासङ्घ पर्सा शाखाको कार्यसमिति सदस्यमा निर्वाचित प्रमोद यादव र बलिराम शुक्लालाई मायाको चिनोसहित सम्मान गरिएको थियो।

कार्यक्रममा स्वागत फरमान अन्सारी र सहजीकरण रामपुकार यादवले गरेका थिए।

## दुई स्थानमा रक्तदान, ६१ जना सहभागी

प्रस, वीरगंज, ५ माघ/

वीरगंज महानगर र पकहामैनपुर गापामा शनिवार आयोजित रक्तदान कार्यक्रममा ६१ जनाले रक्तदान गरेका छन्।

दुर्गा पूजा सेवा समिति, रानीघाटले २३औं पटक आयोजना गरेको रक्तदान कार्यक्रमको वडाध्यक्ष जवाहरप्रसाद गुप्ताले उद्घाटन गरेका थिए। कार्यक्रममा राजु गुप्ता, चन्दन सिंह, वीरेन्द्र राम, सतीश सिंह राजपूत, नुरुल होदा, कमरुद्दीन अन्सारी, मुन्ना सर्राफ, राजु कुशवाहा, अब्दुल हकिम आलमलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए।

यसैगरी, पकाहामैनपुर गाउँपालिकामा सङ्घर्ष युवा समाजले पहिलोपटक आयोजना गरेको रक्तदान कार्यक्रमको सिद्धार्थ माध्यमिक विद्यालय, वीरगंजका प्रधानाध्यापक विनोद मेहताले उद्घाटन गरेका थिए। कार्यक्रममा चौरसिया, प्रमोदराज पटेल, चन्देश्वरकुमार यादव, कौशलकुमार सर्राफ, नितेशकुमार यादव, नवलकिशोर




अकलेश साह, पूजा चौहान, प्रमिला यादव, आशा देवी, आदित्य शर्मा, रवीन्द्र साहलगायतले रक्तदान गरेको केन्द्रका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए।

## दलितहरूको स्वास्थ्य परीक्षण, न्यानो लुगा वितरण

प्रस, पर्सागढी, ५ माघ/

नेशनल मेडिकल कलेजले शनिवार




पर्सागढी नगरपालिका–४ बकनर्वाका दलितहरूको स्वास्थ्य परीक्षण गर्नुका साथै न्यानो लुगा वितरण गरेको छ।

कलेजका स्वास्थ्य निर्देशक उमर देवानको नेतृत्वमा दलितबस्तीका तीन सयजनालाई न्यानो कपडा वितरण गरिएको थियो भने ७०५ जनाको स्वास्थ्य परीक्षण गरिएको थियो।

कार्यक्रममा चिकित्सकहरू डा मीनाकुमार साह, डा कुमुद लोहबारिया, डा विजयकुमार ज्याखोलगायत ४२ जना स्वास्थ्यकर्मी सम्मिलित टोलीले ३०४ महिला, २९६ पुरुष र १०५ बालबालिका गरी ७०५ जनाको स्वास्थ्य परीक्षण गरेको थियो। चिकित्सकहरूले दम र मधुमेह जस्ता दीर्घरोगीहरूलाई स्वास्थ्य समस्याबारे सचेतना गराएका थिए।

कार्यक्रममा देवानले स्वास्थ्य सहयोग र स्वास्थ्य शिक्षा प्रदान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए।

## ज्येष्ठ नागरिकहरूलाई स्वास्थ्य सामग्री वितरण

प्रस, वीरगंज, ५ माघ/

वीरगंज महानगरका प्रमुख



राजेशमान सिंहले शनिवार वडा नं ५ कार्यालयद्वारा आयोजित कार्यक्रममा वडाका ज्येष्ठ नागरिक, एकल महिला तथा अपाङ्गता भएका व्यक्तिहरूलाई जाडोमा आवश्यक पर्ने सामग्री वितरण गरेका छन्।

कार्यक्रममा नगरप्रमुख सिंहले वडाका ज्येष्ठ नागरिक, एकल महिला तथा अपाङ्गता भएका २०५ जनालाई स्टिम इन्हेलर, नि–गार्ड, इलेक्ट्रिक हट ब्यागलगायतका स्वास्थ्य सामग्री वितरण गरेका थिए। नगरप्रमुख सिंहले जाडोको बेलामा वडाका ज्येष्ठ नागरिक, एकल महिला तथा अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरेर स्वास्थ्य सामग्री वितरण गरिएकामा वडा कार्यालयको प्रशंसा गरे।

वडाध्यक्ष प्रदीप चौरसियाको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण, प्रहरी उपरीक्षक कुमोध ढुङ्गेल, बाबुजान अली, पत्रकार ईश्वरचन्द्र गौतम, वडा सदस्य सञ्जु दाहाल, रूस्तम अली लगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण सन्तोष खनालले गरेका थिए।

## विचारसार र सूक्तिहरू

**जीवनमा सफल हुनको लागि सच्चा मित्र चाहिन्छ तर बढी सफलताको लागि शत्रु चाहिन्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# अध्यादेशको सहारा : औचित्य र निहितार्थ

**समयान्तर**



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**सरकारले कालोबजारी ऐनमा रहेको २० प्रतिशतभन्दा बढी नाफा लिन नपाइने प्रावधान पनि खारेज गरेको छ । यस अघिको कानूनले २० प्रतिशतभन्दा बढी नाफालाई फौजदारी अपराध मानेको थियो । यो प्रावधान परिमार्जनलाई सकारात्मक कदम भनिएको छ ।**

सरकारले हालै अध्यादेशमार्फत केही कानून संशोधन गरेको छ । सरकारले संसद् छलेर अध्यादेशको बाटो लिएको भन्दै सत्तापक्षबाटै आलोचना भइराखेको र अध्यादेशमार्फत ल्याइएका कानूनी व्यवस्थाहरूको दुरुपयोगको जोखिम पनि औंल्याइएको छ। सरकारले अध्यादेशबाट २९ वटा कानून संशोधन गरेको छ । सामान्यत: कुनै पनि कानूनको उद्देश्य सुव्यवस्था र सहजीकरण भएपनि विगतमा त्यसका छिद्रहरू समातेर वैयक्तिक लाभका लागि दुरुपयोग भएको अनुभव र अभ्यासको कमी छैन ।

सरकारले सार्वजनिक सेवालाई छिटोछरितो र प्रभावकारी बनाउन र देशमा लगानीको वातावरण बनाउनकै लागि अध्यादेशमार्फत कानून संशोधन गरिएको दाबी गरेको छ । तर स्पष्ट बहुमत भएको सरकारले किन संसद्लाई पन्छाएर अध्यादेशको सहारा लियो ? सत्ताको सबैभन्दा ठूलो दल नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले समेत यसमा आपत्ति जनाएको समाचार सञ्चारमाध्यममा आएका छन् ।

आर्थिक तथा व्यावसायिक वातावरण सुधार तथा लगानी अभिवृद्धि गर्न भन्दै ११ वटा कानूनमा संशोधन गरिएको छ। निजी क्षेत्रले करीब तीन दर्जन कानूनमा सुधार र पुनर्लेखनको माग गरेको थियो। सुव्यवस्थामा अवरोध बनिराखेका कानूनको खारेजी, संशोधन, नयाँ कानून निर्माण आवश्यकता हो। निकट छिमेकी भारतले पनि यो उपायलाई आक्रामकरूपमा अघि बढाएको छ। तर यस्ता प्रावधानहरूको अदृश्य अभीष्ट र दुरुपयोगको जोखिम प्रशस्त छ भने त्यति नै सतर्कताको खाँचो छ । सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवासम्बन्धी १३ वटा कानून संशोधन गरिएका छन् । भूमि तथा वनसम्बन्धी तीनवटा कानून फेरिएका छन्। अहिलेका संशोधनले गिरीबन्धु हदबन्दीभन्दा बढी जग्गा बेच्न वा बैंकमा धितो राख्न मिल्ने, व्यवसायी मीनबहादुर गुरुङ, पूर्वकर्मचारी चूडामणि शर्मालगायत आरोपीलाई फाइदा पुग्नेजस्ता टिप्पणी भइराखेकै छन् ।

आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी अध्यादेशले राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन, २०५२ संशोधन गर्दै अनुसन्धानबाट यकीन भएको तीन करोड रुपियाँसम्मको राजस्व चुहावटसम्बन्धी कसूरमा कुनै पनि व्यापारिक फर्म, निकाय वा व्यक्तिले बिगो र त्यसबापतको जरिबाना तिर्न राजी भए मुद्दा खेप्नु नपर्ने प्रावधान राखेको छ । अध्यादेशमार्फत तीन करोड रुपियाँसम्म राजस्व चुहावटको विवादमा मिलापत्रको व्यवस्था गरी मुद्दामामिला नजाने नीति हेर्दा व्यवसायीको हितमा देखिए पनि यसको निहितार्थ यत्तिमैं सीमित नहुन सक्छ ।

हामीकहाँ कानूनले दिएका स्वविवेकीय अधिकारको व्यापक दुरुपयोग हुने परिपाटी रहेको अवस्थामा यो व्यवस्थाको दुरुपयोग नहोला भनेर ढुक्क हुने आधार छैन ।

राजस्व न्यायाधीकरणमा जान बिगो बराबर नगद धरौटी राख्नुपर्नेमा बैंक जमानत पेश गरेर पुनरावेदन गर्न पाउने अधिकार सुन्दा सहज लागे पनि व्यवहारमा त्यति सजिलो छैन । यस्तो मिलापत्रमा अदालतबाट लागेको दण्ड जरिबाना माफी हुने व्यवस्थाको समेत दुरुपयोग हुने जोखिम रहिरहन्छ । अदालतबाट लागेको बिगो तथा जरिबाना तिर्न नसक्दा थुनामा बसेर पुनरावेदन गर्नुपर्ने व्यवस्थाका कारण पछि निर्दोष ठहर हुँदा त्यस्ता व्यक्तिलाई अन्याय हुने हालको अवस्थाको अन्त्य सरकारात्मक मान्न सकिन्छ । शुरू अदालतबाट ठहर भएको बिगो र जरिबानाको १५ प्रतिशत मात्र धरौटी राखे पुग्ने व्यवस्थाले भने यस्ता मुद्दामा व्यवसायीलाई सहज हुने देखिन्छ ।

हुनत अध्यादेशमार्फत ल्याइएका कानूनी प्रावधानको औचित्य दुई महीनासम्म रहने हो । दुई महीनाभित्र संसद्बाट अनुमोदन नभएमा त्यो स्वत: निष्क्रिय हुन्छ। अध्यादेश संसद् नचलेको अवस्थामा तत्काल अत्यावश्यक कामका लागि कानूनी व्यवस्था गर्नुपरेको अवस्थाका लागि राखिएको व्यवस्था भएपनि सत्ता चलाउनेहरूले आफ्नो प्रतिकूलतालाई सहज बनाउन र अभीष्ट पूर्तिका लागि यसको दुरुपयोग गरेका पर्याप्त सन्दर्भहरू छन् । हामीकहाँ सत्तागणित आफूअनुकूल बनाउन राजनीतिक दल विभाजनदेखि आफूनिकटका व्यापारीलाई फाइदा पुऱ्याउने कामका लागिसमेत अध्यादेशमार्फत कानून संशोधन गरिएका उदाहरणहरूको कुनै कमी छैन। गलत नियत राख्नेले दुई महीनाभित्रै अभीष्ट पूरा गर्न सक्छ ।

आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी अध्यादेशले राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन, २०५२ संशोधनबाट व्यवसायी र सरकार दुवैलाई सजिलो हुने भनिएको छ । सरकारले सजिलै करछलीको रकम उठाउन सक्ने भनिए पनि व्यवस्थाको दुरुपयोग हुने सम्भावना पनि उत्ति नै देखिएको छ । हामीकहाँ अहिले राजस्व अनुसन्धानमा पुगेका ५० लाख रुपियाँभन्दा बढी बिगोका फाइल अदालत पुऱ्याउनुपर्ने व्यवस्था छ । यो व्यवस्थामा समेत बिगो ५० लाखभन्दा तल झार्न अनेक चलखेल र मिलेमतो हुने गरेको अनुसन्धानकै अधिकारीहरूको अनुभव छ। यो प्रवृत्तिबीच तीन करोड रुपियाँको सीमामा अनधिकृत आर्थिक चलखेल र मोलमोलाइ पनि चर्कै हुने सम्भावना उत्ति नै छ । ५० लाख रुपियाँभन्दा बढी बिगोमा चुहावटको घटनामा जोडिएका कर्मचारीसमेत मुद्दामा तानिने व्यवस्था भएकोले यो कानूनी प्रावधान संशोधनका लागि कर्मचारीहरू नै लागिपरेका थिए । राजस्व चुहावट ऐन २०५२ मा राजस्व अनुसन्धान विभागले अनुसन्धान गरेको विषयमा ५० लाख रुपियाँसम्मको राजस्व चुहावट भएको देखिए बिगो र जरिबाना निर्धारण गरी सम्बद्ध निकायमा असुलीका लागि फाइल पठाउनुपर्ने व्यवस्था छ। ५० लाख रुपियाँभन्दा माथि बिगो कायम भएमा अदालतमा मुद्दा दायर गर्नुपर्ने व्यवस्था छ। यो व्यवस्था अनुसार मुद्दामा जाँदा कर्मचारी निलम्बित हुने अवस्था छ ।

हालै मात्र वीरगंज भन्सारबाट जाँचपास भएर गएको कपडामा यस्तै अवस्था आएको थियो । राजस्व अनुसन्धान विभागले अनुसन्धान अघि बढाएको कपडाको फाइलमा एक करोड रुपियाँभन्दा बढी बिगो कायम हुने अवस्था देखिएको थियो। यो प्रकरणमा संलग्न वीरगंज भन्सारका उच्च तहका कर्मचारीलाई जोगाएर तल्लो कनिष्ठ कर्मचारीलाई मुद्दा बोकाइएको सन्दर्भ अहिले भन्सार विभागभित्र चर्चाको विषय बनिरहेकै छ ।

संशोधन अघिको कानून अनुसार करछली भएमा व्यवसायीको सामान्य प्रक्रियागत त्रुटिका कारण पनि चुहावट भएमा गलती स्वीकार गरी राजस्व तिर्न खोजे पनि नपाउने अवस्था थियो। त्यसको सहजीकरणका लागि संशोधन गरिएको भनिएको छ । यसलाई सहज बनाउन तीन करोड रुपियाँसम्मको बिगोमा मिलापत्र गर्न पाउने व्यवस्था भएको हो। यसबाट राज्यको समय र स्रोत बचत हुने र व्यवसायीले हैरानी खेप्नु नपर्ने भनिएको छ । तर यो प्रावधानको दुरुपयोग अधिकारी र व्यापारीको आर्थिक दुनो सोझ्याउने औजारको रूपमा नहोला भनेर पत्याइहाल्नुपर्ने कारण छैन। मिलापत्रका कानूनी आधार पनि स्पष्ट हुनुपर्छ ।

अनुसन्धानका अधिकारीहरूलाई अनावश्यक तजबिजी अधिकार दिंदा त्यसको चरम दुरुपयोगको सम्भावनालाई पनि बेवास्ता गर्नुहुँदैन । तजबिजी अधिकार अपराधको गम्भीरता अनुसार सजाय कमबेस गर्ने प्राकृतिक न्यायका लागि भएपनि मिलेमतोमा अनधिकृत लाभको दुनो सोझ्याउने प्रयोजनमा बढी दुरुपयोग भइराखेको विडम्बनापूर्ण अवस्था छ । मिलापत्रको नाममा राज्यलाई थप हानि पुऱ्याउने चलखेल हुन सक्छ भन्नेतर्फ सतर्क रहन जरुरी छ।

सरकारले कालोबजारी ऐनमा रहेको २० प्रतिशतभन्दा बढी नाफा लिन नपाइने प्रावधान पनि खारेज गरेको छ । यस अघिको कानूनले २० प्रतिशतभन्दा बढी नाफालाई फौजदारी अपराध मानेको थियो । यो प्रावधान, परिमार्जनलाई सकारात्मक कदम भनिएको छ । सरकारले चालू आर्थिक वर्ष २०८१/८२ को बजेटमार्फत भन्सार बिन्दुमा १० प्रतिशतसम्म अग्रिम आयकर लिंदा त्यो दर ५० प्रतिशत नाफाको अवस्थाका लागि मात्रै उपयुक्त हुने, तर कालोबजारी ऐनले २० प्रतिशतभन्दा बढी नाफालाई वर्जित गरेको भन्दै आलोचना भएको थियो । अहिलेको संशोधनले नाफाको सीमा हटाइदिए पनि सरकारलाई यस्तो कर जति पनि लिन बाटो खुल्यो भने व्यापारीले मूल्यमा मनपरी गर्न सक्ने जोखिम पनि बढ्यो । यसबाट आम उपभोक्तामाथि चर्को कर र मूल्यवृद्धि दुवैको भार थोपरिने जोखिमलाई पनि अस्वीकार गर्ने अवस्था छैन। कतिपय उपभोक्ता अधिकारवादीले सरकारको ढुकुटी र व्यापारीलाई अस्वाभाविक फाइदाको जोरजाम मिलाउन यो प्रावधान हटाइएको आरोप लगाएका छन्, यो आरोप अस्वीकार गरिहाल्नुपर्ने भरपर्दो कारण छैन ।

# जीवनको आधार हो आत्मविश्वास

**शिकागो विश्वविद्यालयमा गरिएको एउटा अनुसन्धानका अनुसार निद्राको कमीका कारण आजसम्म कोही मरेको छैन । प्रकृतिले यो व्यवस्था गरिराखेको छ कि जब निद्रा लाग्छ, हामी स्वयमेव सुत्छौं । चिन्ता काम पार्ने एउटा राम्रो औषधि हो कुनै विश्वसनीय व्यक्तिसँग कुरा गर्नु ।**

आत्मविश्वास जीवनको आधार हो। यसबाट जीवनको विकास एवं पोषण हुन्छ । जीवनमा यस्ता कति अवसर आउँछन्, जब मानिस लरबरिन थाल्छ र यसको सबैभन्दा ठूलो कारण हो– आत्मविश्वासको कमी । अरूलाई आफूभन्दा ठूलो ठान्नु, सधैं हीनभावनाले ग्रस्त रहनु यसका लक्षण हुन्। जब कसैले भनिरहेको छ भने ध्यानले सुन्नुपर्छ । यसले अगाडिको मानिसलाई आत्मसन्तुष्टि प्राप्त हुन्छ, साथै हामीप्रति उसको दृष्टिकोण सकारात्मक हुन्छ ।

अमेरिकाका राष्ट्रपति अब्राहम लिङ्कन भन्ने गर्थे–"काममा जोतिनु चिन्ताको सबैभन्दा राम्रो उपचार हो। यस कारण जब पनि कुनै चिन्ताले सताउन थाल्छ, मानिसको समझदारी हो, आफूलाई कुनै शारीरिक काममा अल्झाओस् । श्रम गर्नाले मस्तिष्कमा तनाव उत्पन्न हुँदैन, किनभने मांसपेशीहरूको सक्रियताले तनावको दिशा परिवर्तन हुन्छ ।"

प्रसिद्ध दार्शनिक मार्क्सको भनाइ थियो कि हाम्रा विचारले नै हाम्रो जिन्दगी बन्छ। यदि हाम्रा विचार सुखद छन् भने हामी सुखी रहन्छौं । यदि हामी असफलताबारे सोच्छौं भने अवश्यमेव असफल हुन्छौं । फेरि हाम्रो मानसिक दृष्टिकोणको प्रभाव हाम्रो शारीरिक क्षमतामा पनि पर्छ ।

हामीले प्रत्येक समस्याप्रति सकारात्मक र आशावादी दृष्टिकोण विकसित गर्नुपर्छ । यस्तो कुनै समस्या छैन, जसलाई हामी मेहनत, लगन, आस्था र ईश्वरको प्रार्थनाबाट समाधान गर्न सक्दैनौं । हाम्रो मनमा कुनै दु:ख-दर्द छ भने, त्यसलाई मनमैं थिचेर राख्नुहुँदैन ।

भनिएको छ कि राम्ररी रोएपछि मानसिक तथा भावनात्मक दु:खमा राहत प्राप्त हुन्छ। इजरायली प्रधानमन्त्री गोल्डा मायरले एकपटक भनेकी थिइन्–"जो मन फुकाएर रुन सक्दैन, ऊ गलल्ल हाँस्न पनि सक्दैन ।" प्रत्येक दिन ओछ्यान छोड्नु अघि मनमा यो सङ्कल्प दोहोऱ्याउनुपर्छ कि आजको दिन राम्ररी बित्नेछ; किनकि हामी आफ्नो सबै थोक ईश्वरका हातमा सुम्पिंदै छौं ।

जो मानिस निराशावादी कुरा गर्छ, ऊबाट परै बस्नुपर्छ, ऊसँग धेरै कुराकानी गर्नुहुँदैन । भविष्यबारे विचार गर्नुपर्छ, तर चिन्ता गर्नुहुँदैन। वास्तवमा जिन्दगी प्रत्येक क्षण बाँच्नका लागि हो । यसर्थ हामीले प्रत्येक दिन, प्रत्येक घण्टा र प्रत्येक क्षण बाँच्नुपर्छ ।

हामीलाई निद्रा लाग्दैन भने के हामी चिन्तित हुन्छौं ? स्मरण होस् अनिद्राबारे चिन्ता गर्नाले अनिद्राभन्दा बढी नोक्सान हुन्छ । शिकागो विश्वविद्यालयमा गरिएको एउटा अनुसन्धानका अनुसार निद्राको कमीका कारण आजसम्म कोही मरेको छैन । प्रकृतिले यो व्यवस्था गरिराखेको छ कि जब निद्रा लाग्छ, हामी स्वयमेव सुत्छौं। चिन्ता काम पार्ने एउटा राम्रो औषधि हो कुनै विश्वसनीय व्यक्तिसँग कुरा गर्नु ।

भनिएको छ, मनको बह पोखिदिएपछि मन हलुको हुन्छ र तत्काल राहत प्राप्त हुन्छ। जब थकाइ वा चिन्ता लाग्छ, ओछ्यानमा पल्टिनुपर्छ । यदि पल्टिन सकिन्न भने कुर्सीमा सीधा बस्नुपर्छ। बिस्तारै–बिस्तारै गहिरो सास लिने र छोड्ने गर्नुपर्छ ।

कुनै पनि कार्य गर्दा मन लगाएर गर्नुपर्छ, अर्थात् काममा रुचि उत्पन्न गर्नुपर्छ। यसले थकाइको मात्रा घट्छ र चिन्ता पनि कम हुन्छ । जबसम्म हाम्रो मनलाई यो विश्वास हुँदैन कि हामी सही छौं, तबसम्म यस कुराको चिन्ता गर्नुहुँदैन कि मानिसले के भन्लान् ? मनले जे भन्छ, त्यही गर्नुपर्छ। आलोचना त जसरी पनि हुन्छ । केही गर्दा पनि आलोचना हुन्छ र नगर्दा पनि हुन्छ ।

जसलाई हामी मन पराउँदैनौं, तिनका विषयमा कुनै चर्चा गर्नुहुँदैन; किनकि यसबाट हामी आफ्नै नोक्सान गर्छौं । जब पनि अवसर मिल्छ, दिनमा दुई/चार पटक उड्नुपर्छ। यसले अतिरिक्त ऊर्जा प्राप्त हुन्छ । डर सबैभन्दा शक्तिशाली विचार हो, तर एउटा विचार डरभन्दा पनि शक्तिशाली छ र त्यो हो आस्था ।

आस्था नै एकमात्र शक्ति हो, जसका अगाडि डर अड्न सक्दैन । यदि हामी आफूभित्र आस्था भर्छौं भने डर आफसेआफ बाहिर आउँछ ।

प्रत्येक दिन केही समयका लागि मौन बस्नुपर्छ। यस बेला कसैसँग कुरा गर्नुहुँदैन, मात्र ईश्वरबारे सोच्नुपर्छ र ईश्वरले जे पनि दिएका छन्, त्यसका लागि उनलाई धन्यवाद दिनुपर्छ । हामी आफ्नो लक्ष्यसम्म तबमात्र पुग्न सक्छौं, जब हामीलाई थाहा छ कि हाम्रो लक्ष्य के हो।

अधिकांश मानिस जीवनमा कहीं पनि पुग्न सक्दैनन्, किनकि उनीहरूलाई थाहा नै हुँदैन कि उनीहरूले पुग्नु कहाँ छ । जीवनमा सफलता प्राप्त गर्ने प्रबल इच्छा छ भने हामीले काममा पूर्ण मनोयोगका साथ लाग्नुपर्छ। हामी जे पनि गरिरहेका छौं, त्यसमा समर्पण भावले आफूलाई समाविष्ट गरिदिनुपर्छ ।

जब हाम्रो शारीरिक, मानसिक र आध्यात्मिक शक्तिहरू पूर्ण एकाग्रताका साथ सक्रिय हुन्छन्, त्यस बेला कुनै पनि अवरोध हाम्रो मार्गको बाधा बन्न सक्दैन। अत: हामीले आफू स्वयंमाथि विश्वास गर्नुपर्छ। स्वयंमाथि विश्वासले नै हामीलाई प्रत्येक समस्या एवं सङ्घर्षमा अगाडि बढाउँछ ।

महर्षि कणाद एक अपरिग्रही तपस्वी थिए। उनी आफ्नो कठिन तपस्याका कारण सम्पूर्ण भारतवर्षमा प्रसिद्ध थिए। किसानहरूले फसल काटेर लगिसकेपछि जो अन्नका दाना भुइँमा झरेका हुन्थे, त्यसलाई उठाएर आफ्नो जीवन व्यतीत गर्थे। अन्नका दानामा मात्र बाँच्ने भएकाले उनलाई 'कणाद' भनिन्थ्यो । त्यस राज्यका राजालाई जब यी महात्माको बारेमा थाहा भयो, उनी उनलाई भेट्न आए । राजासँग धेरै बहुमूल्य वस्तु थिए, ती सबै उनले महर्षि कणादका पाउमा राखिदिए । महर्षिले भने, "राजन् ! यी सबै लिएर जाऊ, मसँग परमात्माले दिएका सबै थोक छ–यी सबै उनीहरूलाई देऊ, जससँग यसको कमी छ ।"

राजा यो सुनेर निकै आश्चर्यचकित भए र फर्केर यो कुरा आफ्नी पत्नीलाई सुनाए। राजाकी पत्नी विदुषी महिला थिइन्। उनले राजालाई भनिन्, "महाराज ! आज तपाईंले गलती गर्नुभयो। यस्ता महापुरुषहरूलाई दिन होइन, लिन जानुपर्छ। जो संसारको सांसारिकतासँग कुनै मतलब राख्दैन, त्यही व्यक्ति सत्य ज्ञान दिने अधिकारी हुन सक्छन् ।" अब राजालाई आफ्नो गलती महसूस भयो। उनी पुन: महर्षि कणादको दर्शन गर्न पुगे । महर्षि कणादले भने, "राजन् ! साँचो वैभव सांसारिक वस्तुहरूबाट प्राप्त हुँदैन, आत्मसाक्षात्कारबाट प्राप्त हुन्छ । यसलाई प्राप्त गरिसकेपछि अन्य कुनै उपक्रम मानिसका लागि शेष रहँदैन ।" महर्षिको कुरा सुनेर राजाको जीवन नै बदलियो ।

# 'निफ'मा ४० देशका ८७ वटा चलचित्र छनोट

काठमाडौं, ५ माघ/रासस

नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ)को आठौं संस्करण आगामी चैतमा हुँदैछ । नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानको आयोजनामा हुने महोत्सवमा ४० देशका ८७ वटा चलचित्र छनोट भएको महोत्सव अध्यक्ष केपी पाठकले जानकारी दिए ।

अध्यक्ष पाठकले निफमा ७० देशका छ सयभन्दा धेरै चलचित्रले प्रदर्शनीका लागि दिएको प्रस्तावमा निर्णायक समितिले उक्त चलचित्र छनोट गरेको जानकारी दिए । उनले भने, "यस अगाडिका शृङ्खलाभन्दा भव्य बनाउने किसिमले हामीले तयारी गरिरहेका छौं। चलचित्रप्रेमी दर्शक आकर्षित हुनेगरी हामीले प्राप्तमध्येबाट चलचित्र छनोट गरेका छौं। यो विश्वभरका चलचित्रकर्मी भेटघाट र छलफल चलचित्र आदानप्रदान गर्ने माध्यम बन्नेमा विश्वस्त छौं ।"

अध्यक्ष पाठकले निफमा स्वदेशी तथा विदेशी चलचित्रकर्मी, राजनीतिज्ञ र समाजका प्रतिष्ठित व्यक्तित्वसँग छलफल गरिनुका साथै विभिन्न कार्यशाला पनि सञ्चालन हुने बताए । महोत्सवलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय गरेर दुई किसिमले वर्गीकरण गरिएको छ। दुवैमा 'फिचर' र लघु चलचित्रका साथै वृत्तचित्र विधामा अवार्ड वितरण गरिनेछ । नेपाली कथानक चलचित्रको प्रतिस्पर्धा हुने 'नेशनल पानोरमा'मा जोन योञ्जनको 'क्रलिङ क्रोज', दिनेश राउतको 'पुजार सार्की', विनोद पौडेलको 'भूठान' र लक्ष्मण सुवेदीको 'सतीदेवी' छनोट भएका छन् ।

नेपाली वृत्तचित्रको प्रतिस्पर्धा विधामा सुविना श्रेष्ठको 'देवी', रजिला श्रेष्ठको 'छेसाङ', गौरव आयरको 'मुक्ति', तासी लाजोमको 'नो मोनास्ट्री नो भिलेज', दीपा श्रेष्ठको 'उड्ने सपना' र लव प्याकुरेलको 'गर्ल्स रिराइटिङ डेस्टिनी' रहेको छ । यस संस्करणदेखि एआई प्रविधिबाट वा सोसम्बन्धी विषयमा बनेको चलचित्रको प्रतिस्पर्धा पनि थप गरिएको महोत्सव निर्देशक पाठकले जानकारी दिए ।

'एआई फिल्म्स' नाम दिइएको यो विधामा चीनको 'एभ्री हेजिस्टेशन अफ योर्स क्यान डिस्ट्रोय दी वर्ल्ड', अर्जेन्टिनाको 'दी एबिस', फ्रान्सको 'गोल्ड कास्टिङ', पेरूको 'दी ड्रिम, दी फग एन्ड दी रेन' र अमेरिकाको 'मब पार्ट १' रहेको छ ।

महोत्सवमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा अन्तर्गत सर्वोत्कृष्ट हुने चलचित्रलाई एक हजार पाँच सय अमेरिकी डलर राशिसहित 'गौतम बुद्ध अवार्ड' प्रदान गरिनेछ । त्यस्तै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चलचित्रबाट कुनै एक चलचित्रलाई 'अन्तर्राष्ट्रिय चलचित्र

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# इरानको सर्वोच्च अदालतमा दुई न्यायाधीशको गोली हानी हत्या

तेहरान, ५ माघ/एएफपी

तेहरानस्थित सर्वोच्च अदालतको भवनमा शनिवार भएको गोलीकाण्डमा दुईजना न्यायाधीशको मृत्यु भएको छ।

“सर्वोच्च अदालतका तीन न्यायाधीशलाई निशाना बनाइएको आक्रमणमा परी तीमध्ये दुईजनाको मृत्यु भएको छ,” न्यायपालिकाको मिजान अनलाइन वेबसाइटमा जारी विज्ञप्तिमा उल्लेख छ। उक्त विज्ञप्तिमा आक्रमणमा संलग्न आक्रमणकारीले घटना लगत्तै आत्महत्या गरेको जनाइएको छ।

सरकारी समाचार संस्था इर्नाले पनि आक्रमणमा परी न्यायाधीशको मृत्य भएको र अन्य एक न्यायाधीश घाइते भएको जनाएको छ।

मिजानले मारिएका दुई न्यायाधीश अली रजिनी र मोहम्मद मोगिसेह रहेको जनाएको छ भने उनीहरूले ‘राष्ट्रिय सुरक्षा, जासुसी र आतङ्कवादविरुद्धको अपराधसम्बन्धी’ मुद्दाहरू हेर्ने गरेको पनि बताएको छ।

उनीहरूको हत्याको कारण तत्काल स्पष्ट नभए पनि मिजानले आक्रमणकारीको पहिचानबारे थप जानकारी नदिई सर्वोच्च अदालतमा कुनै पनि मुद्दामा आक्रमणकारीको संलग्नता नरहेको उल्लेख गरेको छ।

मिजानका अनुसार घटनाको अनुसन्धान शुरू गरिएको अधिकारीले बताएका छन्।

अमेरिकी अर्थ मन्त्रालयका अनुसार ६८ वर्षीय वरिष्ठ न्यायाधीश मोगिसेहलाई सन् २०१९ मा संयुक्त राज्य अमेरिकाले ‘अनगिन्ती अनुचित मार्गहरूको निरीक्षण गरेको’ भनी प्रतिबन्ध लगाएको थियो। उक्त समयमा आरोपहरूमा प्रमाणहरूको अभाव रहेको भन्दै इरानले आरोपको खण्डन गरेको थियो।

मिजानका अनुसार ७१ वर्षीय रजिनीले इरानको न्यायपालिकामा धेरै महत्त्वपूर्ण पदहरू सम्हालिसकेका थिए र यस अघि सन् १९९८ मा आक्रमणकारीहरूले उनको गाडीमा म्याग्नेटिक बम राखी हत्या प्रयास गरेका थिए।

न्यायाधीशलाई लक्षित गरी हुने आक्रमण विरलै हुने भए तापनि इरानले पछिल्ला वर्षहरूमा उच्च पदस्थ व्यक्तिहरूलाई लक्षित गरी थुप्रै गोलीकाण्ड देखेको छ।

गत अक्टोबरमा दक्षिणी शहर काजेरूनमा शुक्रवारको नमाजको नेतृत्व गरिरहेका एक शिया मुस्लिम उपदेशकको गोली हानी हत्या गरिएको थियो।

सन् २०२३ को अप्रिलमा अब्बास अली सुलेमानी नाम गरेका एक शक्तिशाली धर्मगुरुको उत्तरी प्रान्त मजन्दरानको एक बैंकमा गोली हानी हत्या गरिएको थियो।

सन् २००५ को अगस्तमा तेहरानको एक व्यस्त व्यापारिक क्षेत्रको बीचमा दुईजना बन्दुकधारीले प्रसिद्ध इरानी न्यायाधीश हसन मोघदासको हत्या गरेका थिए। उनको हत्यामा दोषी ठहर भएका दुईजनालाई दुई वर्षपछि फाँसी दिएर सार्वजनिकरूपमा मृत्युदण्ड दिइएको थियो। रासस

# सम्झौता अन्तर्गत इजरायलले ७३७ कैदीलाई रिहा गर्ने

जेरुसेलम, ५ माघ/एएफपी

इजरायलको न्याय मन्त्रालयले शनिवार स्वीकृत गाजा युद्धविराम र बन्धक मुक्त गर्ने सम्झौताको पहिलो चरण अन्तर्गत ७३७ कैदी बन्दीलाई रिहा गरिने जनाएको छ।

इजरायलले आफ्नो वेबसाइटमा जारी गरेको विज्ञप्तिमा भनिएको छ, “सरकारले हाल कारागार सेवाको हिरासतमा रहेका ७३७ कैदी तथा बन्दीलाई रिहा गर्न स्वीकृति दिएको छ।”

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको कार्यालयले शनिवार बिहानै युद्धविराम सम्झौतालाई अनुमोदन गर्न इजरायलको क्याबिनेटले मतदान गरेको र यो सप्ताहन्तमा युद्धविराम लागू हुने वा नहुने भन्ने अनिश्चितता अन्त्य भएको जनाएको छ।

मन्त्रालयले पुरुष, महिला र बालबालिकालाई स्थानीय समय अनुसार आइतवार अपराह्न ४ बजे स्थानीय समय अनुसार १४:०० बजे रिहा गर्ने जनाएको छ।

यस अघि मन्त्रालयले गाजामा रहेका इजरायली बन्दीको बदलामा रिहा हुने ९५ जना प्यालेस्टिनी कैदीको सूची प्रकाशित गरेको थियो।

विस्तारित सूचीमा प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासको फताह पार्टीका सशस्त्र शाखाका प्रमुख जकारिया जुबेदी पनि थिए।

सन् २०२१ मा इजरायलको गिल्बोआ जेलबाट अन्य पाँचजना प्यालेस्टिनीसँग जुबेदी भागेका थिए।

रिहा हुनेमा प्यालेस्टिनी वामपन्थी सांसद खालिदा जरार पनि छन्, जसलाई इजरायलले गिरफ्तार गरेर कैयौंपटक जेलमा राखेको थियो।

जरार इजरायल, संयुक्त राज्य अमेरिका र युरोपेली सङ्घद्वारा ‘आतङ्कवादी सङ्गठन’ घोषित एक समूह प्यालेस्टाइनको मुक्तिको लागि लोकप्रिय मोर्चाको एक प्रमुख सदस्य हुन्।

सन् १९६७ देखि इजरायलले कब्जा गरेको प्यालेस्टाइनी क्षेत्र वेस्ट बैंकमा डिसेम्बरको अन्त्यतिर पक्राउ परेका ६० वर्षीय उनलाई त्यसयता विना कुनै अभियोग हिरासतमा राखिएको थियो।

हमासनिकट दुई स्रोतले एएफपीलाई दिएको जानकारी अनुसार रिहा गरिने बन्धकको पहिलो समूहमा तीनजना इजरायली महिला सैनिक रहेका छन्। यद्यपि प्यालेस्टिनी इस्लामी आन्दोलनले सैन्य उमेरको कुनै पनि इजरायलीलाई सैनिक मान्छ।

एएफपीले प्राप्त गरेको पहिलो चरणमा रिहा हुने ३३ बन्धकमध्ये पहिलो तीनजनाको नाम हमास आक्रमणको दिन सैन्य सेवामा नरहेका ३० वर्षमुनिका महिला रहेका छन्।

न्याय मन्त्रालयका प्रवक्ता नोगा काट्जले पहिलोपटक रिहा हुने कैदीको अन्तिम सङ्ख्या हमासद्वारा रिहा गरिएका जीवित बन्धकहरूको सङ्ख्यामा निर्भर हुने बताएका छन्। रासस

# दक्षिण कोरियाका राष्ट्रपति युन सुनवाइमा सहभागी

सियोल, ५ माघ/सिन्ह्वा

दक्षिण कोरियाका राष्ट्रपति युन सुक योललाई थप २० दिनसम्म हिरासतमा राख्ने वा नराख्ने पक्राउ पुर्जीसम्बन्धी सुनवाइमा सहभागी भएका छन्।

उइवाङ्स्थित सियोल डिटेन्सन सेन्टरबाट छुटेका राष्ट्रपतिलाई लिएर गएका गाडीहरू हिरासतबाट करीब २० किलोमिटर उत्तरमा रहेको सियोल वेस्टर्न डिस्ट्रिक्ट कोर्टमा आइपुगेको टिभी फुटेजले देखाएको छ।

युनलाई बुधवार राष्ट्रपति निवासबाट पक्राउ गरिएको थियो र उनी पक्राउ पर्ने देशको पहिलो बहालवाला राष्ट्रपति बनेका थिए। महाभियोगपछि निलम्बित राष्ट्रपति युनले घोषणा गरेको अल्पकालीन सैनिक शासनका विषयमा सोधपूछका लागि बयान दिन सियोलको दक्षिणमा रहेको ग्वाचेओनमा रहेको भ्रष्टाचार अनुसन्धान कार्यालय (सिआइओ)मा उपस्थित हुन अस्वीकार गरेका थिए।

यदि वारेन्ट जारी भएमा युनको हिरासत अवधिसहित २० दिनसम्म लम्बिनेछ। प्रारम्भिक १० दिनसम्म सिआइओले सोधपूछ गरेपछि युनलाई अभियोजन पक्षले पछिल्लो १० दिनसम्म सोधपूछ गर्नेछ किनभने दुवै पक्षले संयुक्तरूपमा युनको विद्रोहको आरोपको अनुसन्धान गर्न सहमत भएका छन्।

गत वर्षको डिसेम्बर १४ मा नेशनल एसेम्बलीमा युनविरुद्ध महाभियोग प्रस्ताव पारित भएको थियो र यसलाई संवैधानिक अदालतमा १८० दिनसम्म छलफलका लागि पठाइएको थियो। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
| --- | --- | --- | --- |
| मेष | शत्रुभय | वृष | चोरभय |
| मिथुन | उदरपीडा | कर्कट | विजय |
| सिंह | धनखति | कन्या | भाग्योदय |
| तुला | बेचैनी | वृश्चिक | मनोरञ्जन |
| धनु | कर्मप्राप्ति | मकर | राज्यभय |
| कुम्भ | वादविवाद | मीन | यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बुक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com





**भूकम्पपीडितका लागि निर्माण गरिएका अस्थायी आवासः** गत कात्तिक १७ गते रामीडाँडा केन्द्रबिन्दु बनाएर गएको भूकम्पबाट घर भत्किएपछि नलगाड नगरपालिका–१ कल्पत गाउँमा पीडितका लागि निर्माण गरिएका अस्थायी आवास। तस्बिरः हेमन्त केसी/रासस

# करको बक्यौता उठाउन घरघरमा पत्र

चितवन, ५ माघ/रासस

आन्तरिक राजस्व कार्यालय, चितवनले बक्यौता कर उठाउन घरघरमा पत्राचार गर्न थालेको छ। लामो समयदेखि मूल्य अभिवृद्धि कर (भ्याट) र आयकर नबुझाएका करदाताको घरमा नै पत्र पठाउन थालेको हो।

कार्यालयमा ७० हजार करदाता आबद्ध छन्। तीमध्ये १० हजार भ्याटका हुन्। कुल करदातामध्ये ४० प्रतिशतले आय विवरण बुझाएका छैनन्। कार्यालय प्रमुख पुण्यविक्रम खड्काका अनुसार चार महीनाभन्दा बढी समयदेखि कर नबुझाएकालाई पहिलो चरणमा पत्राचार गर्न थालिएको छ।

कार्यालयले बक्यौता उठाउन र चुहावट नियन्त्रण गर्न अभियान नै शुरू गरेको छ। लामो समयदेखि बक्यौता नतिरेका र बैंक खाता रोक्का भएका करदाताको सम्पत्ति रोक्काका लागि प्रक्रिया अगाडि बढाइएको छ।

कार्यालय प्रमुख खड्काका अनुसार भूमि व्यवस्थापन तथा अभिलेख विभागमा कर नतिर्नेको तीन पुस्ते विवरण पठाएर उनीहरूको घरजग्गाको विवरण मगाइएको छ। रु १० लाखदेखि १४ करोडसम्म बक्यौता तिर्न बाँकी रहेका दुई सय करदाता कार्यालय मातहत रहेका छन्। ती करदाताबाट रु दुई अर्ब ४७ करोड असुल गर्नुपर्नेछ।

कार्यालयले प्यानमा दर्ता भएर कारोबार रकम बढी भएका करदाताको पनि खोजी गरिरहेको छ। सेवा र वस्तुको हकमा रु ३० लाख र अन्यको हकमा रु ५० लाखभन्दा बढी कारोबार भएका मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने प्रावधान छ। खड्काका अनुसार त्यस्ता ५० वटा फर्ममा पत्राचार गरिएको छ। थप दुई सय फर्मको अध्ययन भइरहेको छ। त्यस्ता फर्मको तीन वर्षको कारोबारको अध्ययन गरेर उनीहरूलाई भ्याटमा ल्याइने उनले बताए।

कतिपय फर्मले वैदेशिक अध्ययनका लागि र कतिपयले बैंक ऋणका लागि समेत वास्तविक आयभन्दा बढी देखाउने गरेका छन्। चुहावट नियन्त्रणकै लागि भरतपुर महानगरपालिकाभित्रका १८ वटा करदाताको छनोट गरी मौज्दात परीक्षण काम भइरहेको उनले जानकारी दिए। उनले भने, “विवरण हेर्दा आशङ्का देखिएकाको अध्ययन भइरहेको छ।”

जिल्लास्तरीय राजस्व चुहावट नियन्त्रण समितिमार्फत अवैध मदिरा, नक्कली अन्तःशुल्क स्टिकर, अवैधरूपमा भित्रिएका सुर्तीजन्य पदार्थको अनुगमनलाई कडाइ गरिएको छ। कार्यालयले अग्रिम करकट्टी नबुझाउने मुख्यरूपमा अस्पताल, विद्यालय, शैक्षिक परामर्शदातालगायत १५ वटा फर्मको छनोट गरी अध्ययन गरिरहेको छ। कार्यालयले पुस मसान्तसम्ममा रु १० अर्ब ६३ करोड राजस्व असुली गरेको छ। यो पुस मसान्तसम्मको लक्ष्य रु १२ अर्ब दुई अर्बको ८६ दशमलव ६२ प्रतिशत हुन आउँछ।

चालू आर्थिक वर्षका लागि विभागले कार्यालयलाई रु २६ अर्ब ३६ करोडको लक्ष्य दिएको छ। खड्काले भने, “सबैको साथ र सहयोग भएमा यो वर्ष हामी लक्ष्यमा पुग्न सक्छौं।”

# चीसोले सर्लाहीको जनजीवन कष्टकर

मलङ्वा (सर्लाही), ५ माघ/रासस

तराई क्षेत्रमा केही दिनयताको बाक्लो हुस्सु र कुहिरोले जनजीवन कष्टकर भएको छ। चीसो हावासँगै शीत पनि झरिरहेकोले जनजीवन कष्टकर भएको हो।

खासगरी तराई क्षेत्रमा हरेक वर्ष हिउँदमा बाक्लो कुहिरो लाग्ने गरेको छ। जलवायु परिवर्तनका कारण यस वर्ष केही फरक देखिएको छ। कुनै दिन चर्को घाम लाग्ने र कुनै दिन बाक्लो कुहिरो लाग्ने गरेको छ। बाक्लो कुहिरोका कारण बिहान सवारीसाधन चलाउन कठिन भएको चालकहरू बताउँछन्। सवारीसाधनले दिउँसै बत्ती बालेर चलाउनुपर्ने अवस्था आएको छ भने दुर्घटनाको जोखिम पनि बढेको जिल्ला ट्राफिक कार्यालय, नवलपुरले जनाएको छ।

कुहिरोका कारण किसान खेतीपातीका काममा जान नसक्दा कृषि गतिविधिसमेत प्रभावित भएको छ। कुहिरोका कारण हिउँदे बालीमा क्षति पुगेको कृषि ज्ञान केन्द्रका प्रमुख देवानन्दराय यादवले जानकारी दिए।

कुहिरो र चीसो हावाका कारण दैनिक कामकाज प्रभावित हुनुका साथै स्वास्थ्यसम्बन्धी समस्या पनि देखा परेको छ। यहाँका बालबालिका, वृद्धवृद्धा र ज्यालादारी गर्ने मजदूर सबैभन्दा बढी प्रभावित भएका छन्। चीसोका कारण श्वासप्रश्वास, निमोनिया र ज्वरोको समस्या बढ्न थालेको प्रादेशिक अस्पतालका डा अविनाश सिंहले जानकारी दिए। चीसोबाट प्रभावित बिरामीको चाप स्थानीय स्वास्थ्य संस्थामा बढेको स्तुति सौम्य हेल्थ केयरका चिकित्सक डा गुणेश्वर झाले बताए।

जिल्ला प्रशासन कार्यालयले कुहिरो र चीसोबाट बच्न आवश्यक सतर्कता अपनाउन जिल्लावासीलाई आह्वान गरेको छ। न्यानो कपडा लगाउन, बिहान र बेलुका घरभित्रै बस्न र चीसोबाट जोगाउन बालबालिका तथा वृद्धवृद्धालाई विशेष ध्यान दिन प्रशासनले अनुरोध छ। विभिन्न ठाउँमा न्यानो कपडा वितरण र काठ, दाउरा बाल्ने व्यवस्था समाजसेवी संस्थाले गरिरहेका छन्।

### “निफ”मा ...

समाज महासङ्घ’को तर्फबाट ‘डन कि होते’ शीर्षकमा पुरस्कार प्रदान गरिनेछ।

नेपाली प्रतिस्पर्धा अन्तर्गत उत्कृष्ट चलचित्रलाई एक लाख नगद र ट्रफी, उत्कृष्ट छोटो चलचित्र र उत्कृष्ट वृत्तचित्रलाई रु ५०/५० हजार नगद र ट्रफी प्रदान गरिनेछ। महोत्सवमा सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय वृत्तचित्रलाई एक हजार डलर राशिको ‘माउन्ट एभरेस्ट अवार्ड’ र सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय लघुचलचित्रलाई पाँच सय डलरको ‘बागमती अवार्ड’ प्रदान गरिनेछ। एआई प्रविधिको चलचित्रलाई पाँच सय अमेरिकी डलरको ‘मञ्जुश्री अवार्ड’ प्रदान गरिने आयोजकले जनाएको छ।

# घरजग्गा कारोबारः गत पुसमा चार अर्ब २५ करोड राजस्व सङ्कलन

काठमाडौं, ५ माघ/रासस

घरजग्गाको कारोबार क्रमशः लयमा फर्किन थालेको पाइएको छ। देशभरको घरजग्गाको कारोबारको विवरण राख्ने भूमि व्यवस्था तथा अभिलेख विभागका अनुसार गत मङ्सिर महीनाको तुलनामा गत पुस महीनामा राजस्व सङ्कलनमा वृद्धि भएको छ।

गत मङ्सिर महीनामा रु तीन अर्ब ८७ करोड ४८ लाख २६ हजार ९७६ बराबर सङ्कलन भएकामा पुस मसान्तसम्म रु चार अर्ब २५ करोड २२ लाख २१ हजार ७७९ राजस्व प्राप्त भएको छ।

विभागका अनुसार सो महीनामा सेवा करबाट रु ३० करोड ४३ लाख ४४ हजार ६६५ सङ्कलन भएको छ। यस्तै, रजिस्ट्रेशन दस्तुरबाट रु दुई अर्ब ६८ करोड ७८ लाख २६ हजार १४५, पूँजीगत लाभकरबाट रु एक अर्ब ६० करोड ८३ लाख २८ हजार १७२ प्राप्त भएको छ।

काठमाडौं उपत्यकाभित्रका विभिन्न नौवटा मालपोत कार्यालयमध्ये सबैभन्दा बढी भूमिसुधार तथा मालपोत कार्यालय लगनखेलले रु ४० करोड ९४ लाख ४२ हजार ७३२ राजस्व सङ्कलन गरेको छ।

यस्तै, मालपोत कार्यालय विराटनगरले रु १६ करोड ११ लाख तीन हजार ४८१, मालपोत कार्यालय इनरुवा सुनसरीले रु १० करोड ९३ लाख ७४ हजार २५७ राजस्व सङ्कलन गरेको छ।

गत कात्तिकमा देशभर घरजग्गाको कारोबारबाट रु दुई अर्ब ७० करोड ४० लाख ४६ हजार ६४५ बराबरको राजस्व सङ्कलन भएको थियो।

# नेरेसो निजगढ उपशाखाको साधारणसभा

प्रस, निजगढ, ५ माघ/

नेपाल रेडक्रस सोसाइटी निजगढ उपशाखाको २८औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ।




कार्यक्रममा नेरेसो, बारा शाखाका उपमन्त्री कृष्णप्रसाद खरेलले रेडक्रस विशुद्ध मानवीय परोपकारी संस्था भएको बताए। उनले रेडक्रसले देश र विदेशमा सामाजिक कार्यहरू गर्दै आएको र खासगरी विपद्मा मुख्य भूमिका निर्वाह गर्ने बताए।

उनले रक्तदानलगायत विभिन्न मानवीय परोपकारी कार्य गरेकाले रेडक्रसको गरिमा उच्च रहेको बताए। साधारणसभामा २७१ जनालाई आजीवन सदस्यताको प्रमाणपत्र वितरण गरिएको थियो।

कार्यक्रममा प्रगति प्रतिवेदन संस्थाका सचिव मोहन डिसी र आर्थिक प्रतिवेदन कोषाध्यक्ष सुभद्रा नेपालले प्रस्तुत गरेका थिए। उपशाखा सभापति रुद्र धितालको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष रामचन्द्र कटुवाल, उपकोषाध्यक्ष रामकुमार उप्रेती, सदस्य नारायण शर्मा, सुदर्शन कोइराला, माधव न्यौपान लगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा उपशाखाकी उपसभापति प्रमिला नेपालले स्वागत र सहजीकरण विष्णु खड्काले गरेका थिए।

# गोढ उत्थान समितिको बैठक सम्पन्न

प्रस, वीरगंज, ५ माघ/

नेपाल गोढ समाज उत्थान समितिको केन्द्रीय बैठक जिल्ला समन्वय समिति पर्सामा शनिवार सम्पन्न भएको छ। समाजका केन्द्रीय उपाध्यक्ष लालजीसाह गोढको अध्यक्षतामा सम्पन्न बैठकले तीन बुँदे निर्णय गरेको थियो। बैठकले गोढ जातिलाई आदिवासी जनजातिमा सूचीकृतको लागि पहल गर्ने, रक्तदान गर्ने तथा कार्यालय व्यवस्थापन गर्ने निर्णय गरेको बताइएको छ।



बैठकले राज्यको सेवासुविधाबाट वञ्चित गोढ जातिलाई आदिवासी जनजातिमा सूचीकृत गराइ मूलधारमा ल्याउन सरकारसँग माग गरेको छ। त्यसका लागि समाजले सङ्घीय तथा सामान्य प्रशासन मन्त्रालयमा ज्ञापनपत्र बुझाउने निर्णय गरेको समाजका पर्सा अध्यक्ष मनोज साह गोढले बताए।

बैठकमा समाजका कोषाध्यक्ष प्रह्लाद गुप्ता, सदस्यहरू आशा साह, रामनारायण साह, समाजका युवा नेता बिन्दुभूषण साह, विजय साह, प्रभात साह, ज्ञानेन्द्र साह, नरेश साह, हृदयनारायण साह, रवीन्द्र साह, राकेश साह, सुनील साहलगायतको सहभागिता थियो।

## विज्ञापन व्यवसाय सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरू

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं,
- विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं,
- विज्ञापनसम्बन्धी कुनै गुनासो भए विज्ञापन बोर्डमा उजूरी गरौं,
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं,
- सञ्चारमाध्यमबाट जारी बीजकको आधारमा एजेन्सीको शुल्क खुलेको बीलबाट मात्र विज्ञापनको भुक्तानी गरौं,
- सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




## स्नेह मिलन कार्यक्रम

प्रस, वीरगंज, ५ माघ/

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, वीरगंजको आयोजनामा शनिवार श्रद्धाञ्जलिसभा एवं स्नेह मिलन कार्यक्रम सम्पन्न भएको छ। ब्रह्माकुमारी राजयोग सेवा केन्द्र वीरगंजकी प्रमुख ब्रह्माकुमारी रविना दिदीको अध्यक्षतामा ईश्वरीय विश्वविद्यालयका संस्थापक ब्रह्माबाबाको ५६औं स्मृति दिवसको अवसरमा कार्यक्रम सम्पन्न भएको हो।



कार्यक्रममा आज बिहानदेखि नै विश्व शान्तिको कामना गर्दै एक दिवसीय योग साधना गरिएको छ। आज विश्वभरका १४५ देशमा रहेका संस्थाका करीब नौ हजार शाखाले विश्व शान्ति दिवस मनाउँदै आएको ब्रह्माकुमार गोकुल गुभाजुले बताए।

कार्यक्रमको सहजीकरण ब्रह्माकुमार गोवर्धन भाइले गरेका थिए।

## उपचार अभावमा मृत्यु

प्रस, सिम्रौनगढ, ५ माघ/

सिम्रौनगढ नगरपालिका-९ निवासी उषा देवीले उपचार अभावमा ज्यान गुमाएकी छन्। विगत एक महीनादेखि उनी बिरामी थिइन्।

घरको आर्थिक अवस्था खराब भएकोले उनको उपचारको लागि सिम्रौनगढ नपासँग आर्थिक सहयोग माग गरेकोमा विगत एक महीनादेखि आजभोलि भन्दै सहयोग नगरेकोले पत्नीको उपचार अभावमा मृत्यु भएको पति मौजेलाल पटेवाले बताए। उनले रकम अभावले औषधि खरीद गर्न नसकेको र नपाले पनि सहयोग नगरेको बताए।

# खेलकूदको संसार

## महिला विश्वकप क्रिकेटः नेपाल बङ्गलादेशसँग पाँच विकेटले पराजित

काठमाडौं, ५ माघ/रासस

आइसिसी यू-१९ टी-२० महिला विश्वकप क्रिकेट प्रतियोगिता अन्तर्गत आफ्नो पहिलो खेलमा नेपाल बङ्गलादेशसँग पाँच विकेटले पराजित भएको छ। मलेशियाको बाङ्गीमा रहेको युकेएम ओभल क्रिकेट मैदानमा शनिवार सम्पन्न खेलमा नेपालले दिएको ५३ रनको विजयी लक्ष्य बङ्गलादेशले १३ दशमलव दुई ओभरमा पाँच विकेटको क्षतिमा पूरा गऱ्यो।



बङ्गलादेशका लागि सादिया इस्लामले २४ बलमा एक चौकाको सहयोगमा १६ रन बनाइन्। सुमैया अत्तरले १२ र अफिया अशिमा इराले नौ रन जोडे।

बलिङतर्फ नेपालकी रचना चौधरी, रिया शर्मा, सिमाना केसी र पूजा महतोले समान एक/एक विकेट लिए।

टस हारेर पहिले ब्याटिङ गरेको नेपालले १८ दशमलव दुई ओभरमा सबै विकेट गुमाएर ५२ रन बनाएको थियो। नेपालका लागि ओपनर साना परवीनले ३२ बलमा १९ रन बनाइन्। त्यस्तै, सिमाना केसीले १० रनको योगदान दिइन्। अन्य नेपाली ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन्। कप्तान पूजा महतो दुई रनमा आउट भइन् भने अलिशा यादवले चार रन बनाइन्। यसैगरी, तिर्सना विक र रचना चौधरीले समान तीन/तीन रन बनाउँदा रिया शर्मा पाँच रनमा नटआउट रहिन्।

बङ्गलादेशका लागि जनाथन माओलाले दुई विकेट लिइन् भने अनिशा सोवा, फोयोमोदी चोया र निशिता अख्तरले समान एक/एक विकेट लिए।

नेपालले आफ्नो दोस्रो खेल यही माघ ७ गते स्कटल्यान्डसँग खेल्नेछ। प्रतियोगिताको समूह 'डी'मा रहेको नेपाललाई सुपर-६ मा पुग्न कम्तीमा एउटा खेल जित्नुपर्छ। समूहमा नेपालसँगै बङ्गलादेश, स्कटल्यान्ड र अस्ट्रेलिया छन्।

आजै भएको सोही समूहको पहिलो खेलमा अस्ट्रेलियाले स्कटल्यान्डलाई नौ विकेटले पराजित गरेको छ।

## विश्वकप खोखो प्रतियोगिताको फाइनलमा नेपाली महिला टोली

काठमाडौं, ५ माघ/रासस

नेपाली महिला राष्ट्रिय खोखो टोलीले युगान्डालाई पराजित गर्दै विश्वकप प्रतियोगिताको फाइनलमा पुगेको छ। नेपालले सहभागिता जनाउने खेल अन्तर्गत विश्वकपको फाइनलमा पुगेको यो पहिलो ऐतिहासिक सफलता हो।

भारतको नयाँ दिल्लीस्थित इन्दिरा गाँधी इन्डोर खेलमैदानमा शनिवार भएको सेमिफाइनल खेलमा नेपालले युगान्डालाई ८९-१८ ले पराजित गर्दै प्रतियोगिताको फाइनलमा पुगेको हो। नेपालको महिला टोली अपराजित रहँदै फाइनलमा पुगेको हो।

महिलातर्फ समूह 'सी'मा रहेको नेपालले पहिलो खेलमा भुटानलाई ९३-२४ ले, दोस्रो खेलमा जर्मनीलाई ७३-३४ ले, तेस्रो खेलमा श्रीलङ्कालाई ११०-१० ले र चौथो खेलमा बङ्गलादेशलाई ८४-२४ ले पराजित गरेको थियो। यसैगरी, क्वाटरफाइनल खेलमा नेपालले इरानलाई १०३-८ अङ्कको अन्तरले हराउँदै सेमिफाइनलमा पुगेको थियो।

## अन्तरविद्यालय क्रिकेटः ग्लोबल र सेन्ट जेभियर्स विजयी

प्रस, परवानीपुर, ५ माघ/

नेशनल इन्फोटक कलेजको आयोजनामा शनिवारदेखि कलेजस्तरीय क्रिकेट प्रतियोगिता शुरू भएको छ। नारायणी क्रिकेट मैदानमा आजदेखि शुरू भएको प्रतियोगिताको उद्घाटन प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले गरेका थिए।

उद्घाटन खेलमा आयोजक नेशनल इन्फोटक कलेज ग्लोबल बिजनेश कलेजसँग २६ रन अन्तरले पराजित भएको थियो। टस हारेर ब्याटिङको निम्तो पाएको ग्लोबल बिजनेश कलेजले निर्धारित १० ओभरको खेलमा नौ विकेट गुमाएर ८३ रन बनाएको थियो। प्रतिउत्तरमा नेशनल इन्फोटेक कलेज निर्धारित १० ओभरमा पाँच विकेट गुमाएर ५७ रनमा सीमित भएको थियो। यस खेलमा ग्लोबलका कर्ण विश्वकर्मा 'म्यान अफ दी म्याच' घोषित भए।


तस्वीरः सजल श्रेष्ठ


आजै भएको दोस्रो खेलमा सेन्ट जेभियर्सले बिसिपिएल कलेजलाई ३५ रन अन्तरले पराजित गऱ्यो। पहिला ब्याटिङ गर्दै सेन्ट जेभियर्सले १० ओभरमा आठ विकेट गुमाएर १२३ रन बनाएको थियो। बिसिपिएल कलेज भने आठ विकेट गुमाएर ८८ रनमा सीमित भयो। दोस्रो खेलको 'म्यान अफ दी म्याच' सेन्ट जेभियर्सका इमरान अन्सारी घोषित भए।

## अन्तरविद्यालय चेस प्रतियोगिता सम्पन्न

प्रस, वीरगंज, ५ माघ/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले विद्यार्थीहरूलाई अध्ययनका साथै खेलकूदमा आफ्नो क्षमता अभिवृद्धि गर्दै अगाडि बढ्न सुझाव दिएका छन्। शनिवार वीरगंज महानगर-४ मा सम्पन्न दोस्रो मूनलाइट अन्तरविद्यालय युथ-१८ ऱ्यापिड चेस प्रतियोगिताका विजयीहरूलाई पुरस्कृत गर्दै उनले सो कुरा बताएका हुन्।




शुक्रवारदेखि शुरू प्रतियोगिता आज समापन भएको हो। प्रतियोगितामा महानगरका १८ वटा विद्यालयका जुनियर र सिनियर विद्यार्थीहरूले प्रतिस्पर्धा गरेका थिए। कार्यक्रममा वडाध्यक्ष प्रदीप चौरसिया, डा नीरज सिंह, वीउवासङ्घका अध्यक्ष अनिल अग्रवाललगायतको सहभागिता थियो।नीलो तथा सिम्रिक रङ समेटिएको छ।